BAHUNDANGI JAYCEES
Estd: 2010
Mechinagar Municipality, Jhapa

# बाहुण्डाँगी जेसीज

## मेचिनगर-४, झापा

## विधान- २०१०

बाहुण्डाँगी जेसीज विधान संसोधन मस्यौदा समिति २०२२ को नामावली

**संयोजक**

जेसी देबु बानियाँ -(कानुनी सल्लाहकार २०२२)

**सदस्यहरु**

जेसी नित्यानन्द चम्लगाई -(कार्यकारीणी उपाध्यक्ष २०२२)
जेसी बेग सुनुवार -(प्रकरण निर्देशक २०२२)

**सल्लाहकार**

जेसी बद्री निरौला -(अध्यक्ष २०१३)
जेसी पुष्कर ढकाल- (अध्यक्ष २०१६)

बाहुण्डाँगी जेसीजको विधान

**प्रस्तावना :**

स्थानीय युवाहरुलाई एकिकृत गरी राष्ट्रि, संस्कृति एवम् परम्परा अनुकल देशभक्त बनाई मनुष्य जीवनलाई सार्थकता प्रदान गर्ने अनुशासित तथा सचरित्रवान नागरिक बनाई नेतृत्व प्रदान गर्ने उदेश्यले विधिको शासनबाट स्वतन्त्र मानवको व्यवसायिक स्वतन्त्रताद्धारा आर्थिक उन्नती गरी मानवताको सेवा गर्न सक्ने नागरिक विकासको, चेतनाको नेतृत्व विकासको, सामुदायिक विकासको मानव मात्रको कल्याण र अन्तराष्ट्रिय भाइचाराको लागि, व्यक्तिमा निहित वैयक्तिक ल्याकतलाई सम्बर्द्धन र प्रवर्द्धन गर्ने युवावर्गको सामुहिक प्रयत्नलाई मानवमात्रको आर्थिक सामाजिक र आध्यात्मिक भलाईको लागि अनुप्रेणित गर्ने र गराउने कार्यमा सहयोग पुऱ्याउन बान्छनीय भएको हुँदा यस बाहुण्डाँगी जेसीजको विधान मस्यौधा समितिबाट तयार गरिएको मस्यौधालाई संस्थाको साधारणसभाबाट पारित गरी यो विधान जारी गरिएको छ ।

**भाग १**

**दफा १ - संक्षिप्त नाम र प्रारम्भ**

१.१ यो विधानलाई बाहुण्डाँगी जेसीजको विधान २०१० भनिनेछ ।
१.२ यो विधान नेपाल जेसीजले स्वीकृत गरेको दिनदेखि लागु हुनेछ ।

**दफा २ - परिभाषा**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

(क) **संस्था** भन्नाले बाहुण्डाँगी जेसीज सम्झनुपर्छ ।

(ख) **साधारणसभा** भन्नाले यसै विधानको भाग ५ दफा ६ को उपदफा ६.१ बमोजिम बोलाइएको सभालाई सम्झनु पर्नेछ ।

(ग) **सदस्य** भन्नाले यसै संस्थाको विधान बमोजिम सदस्यता प्राप्त गरेका सदस्यलाई सम्झनु पर्छ ।यस शब्दले पदाधिकारी समेतलाई जनाउँछ ।

(घ) **अध्यक्ष** भन्नाले यस संस्थाको कार्यकारीणी समितिको अध्यक्षलाई सम्झनु पर्नेछ ।

(ङ) **पदाधिकारी** भन्नाले यस संस्थाको कार्यकारीणी समिति अध्यक्ष, निर्वतमान अध्यक्ष, २ कार्यकारीणी उपाध्यक्ष, कानुनी सल्लाहकार, महासचिव, कोषाध्यक्ष र ४ उपाध्यक्षलाई मात्र सम्झनु पर्नेछ ।

च) **मानार्थ सदस्य** भन्नाले यस शाखालाई नियमित विशिष्ट योगदान पुऱ्याएको ४० बर्ष नाघेको संस्थाको सदस्य कहिल्यै नभएको व्यक्ति सम्झनु पर्छ ।

छ) **आजीवन सदस्य** भन्नाले संस्थालाई निरन्तर साथ र सहयोग गर्ने संस्थाभित्र कै सदस्य सम्झनुपर्छ ।

भाग २

**दफा ३ - बाहुण्डाँगी जेसीजको स्थापना :**

३.१ नेपाल जेसीज (जुनियर चम्बर ईन्टरनेशनल नेपाल) र जुनियर चम्बर ईन्टरनेशनलसँग सम्बद्ध यो संस्था अबिछिन्न उत्तराधिकारवाला एवम् संगठित संस्था हुनेछ । यो संस्थाको कार्यक्षेत्र झापा जिल्लाको मेचीनगर नगरपालिका वडा नं. १, २, ३ र ४ भित्र रहनेछ तर संस्थाको हितार्थ कार्य क्षेत्र बाहेक अन्यत्र पनि कार्यक्रम सञ्चालन गर्न बाधा पर्ने छैन । यो संस्थाको कार्यालय मेचीनगर-४, बाहुण्डाँगीमा रहनेछ ।

३.२ यो संस्थाको छुट्टै छाप र झण्डा हुनेछ । यसले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, भोग चलन गर्न र हस्तान्तण गर्न, लिन वा कसै उपर आफ्नो नामबाट उजुर गर्न वा मुद्दा हाल्न सक्नेछ । र यस उपर पनि उजुर वा मुद्दा लाग्नेछ ।

३.३ नेपाल जेसीज (जुनियर चम्बर ईन्टरनेशनल नेपाल) र जुनियर चम्बर ईन्टरनेशनलसँग सम्बद्ध भएको नाताले यस संस्थाले आवश्यकता अनुसार प्रतिनिधित्व गर्नुका साथै शाखाको रुपमा यसले आफ्नो उत्तरदायित्व पनि बहन गर्नेछ ।

भाग ३

**दफा ४ - आस्था र उद्देश्य**

४.१ नेपाल जेसीज (जुनियर चम्बर ईन्टरनेशनल नेपाल ) र जुनियर चम्बर ईन्टरनेशनलद्धारा स्वीकृत आस्था नै यस संस्थाको आस्था हुनेछ ।

४.२ यस संस्था देहाय अनुसारका उद्देश्य प्राप्तीको लागि क्रियाशिल रहनेछ ।

(क) नागरिक चेतनाको विकास गर्ने

(ख) युवामा अन्तर्निहित व्यक्तित्वको विकास र नेतृत्व क्षमताको विकास गर्ने

(ग) सामुदायिक विकासका लागि प्रयत्नशील रहने

(घ) आर्थिक क्रियाकलापलाई प्रवर्द्धन गर्दै उद्यमशीलतामा जोड दिने,

(ङ) आपसी समझदारी र सहयोगात्मक भावनाको विकास गर्ने.

(च) मानवमात्रको कल्याणको लागि तथा अन्तर्राष्ट्रिय भाइचाराका लागि सदा उद्दत रहने ।

भाग ४

**दफा ५ - सदस्यता**

५.१ १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको, जेसीजको आस्था र सिद्धान्तमा विश्वास राख्ने कुनै पनि चरित्रवान् नेपाली नागरिक बाहुण्डाँगी जेसीजको सदस्य बन्न सक्नेछन् । सदस्यता प्राप्तीमा जात, धर्म, लिङ्ग, वर्ण, क्षेत्र, वर्गलगायत कुनै पनि आधारमा भेदभाव गरिने छैन ।

५.२ नयाँ सदस्य वृद्धि एवं पुराना सदस्यहरुको वार्षिक सदस्यता शुल्क नेपाल जेसीजले तोके बमोजिम रहनेछ । जसमा प्रत्येक अंग्रेजी बर्षको मे महिनाको अन्तिम दिन सम्ममा शुल्क पूर्ण रुपमा बुझाइ सक्नुपर्नेछ । अन्यथा सदस्यता मान्य हुनेछैन । सदस्यता शुल्क पूर्व अध्यक्षहरुको हकमा अनिवार्य हुनेछैन ।

५.३ नयाँ सदस्यता लिनका लागि तत्कालिन वर्षको बोर्ड बैठकबाट कम्तिमा १ महिनाको समय अवधी निकालेर सदस्यता खुलाउनु पर्नेछ। नयाँ सदस्य बन्नका लागि कम्तिमा एसईई उत्तिर्ण भएको, कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएका नेपाली नागरिकले मात्र सदस्यता ग्रहण गर्न पाउनेछन् । तर शैक्षिक योग्यताको प्रावधान पुराना सदस्यहरुको हकमा लागू हुने छैन साथै भौगोलिक सीमाको कारण सदस्यतामा बन्देज हुनेछैन ।

५.४ नयाँ सदस्यले मताधिकार प्राप्त गर्न शाखाले आयोजना गरेका कम्तिमा १ वटा तालिम वा कार्यक्रममा सहभागि भएको हुनु पर्नेछ। तालिमको हकमा प्रमाण पत्र र कार्यक्रमको हकमा शाखाको माइन्युटमा हस्ताक्षर भएको हुनु पर्नेछ। मताधिकार प्राप्त गर्ने सबै सदस्यहरुको नामवली कार्यसमितिले वार्षिक साधारण सभामा पेश गर्नुपर्नेछ। साधारसभाले साधारण बहुमतले पास गरेपछि मात्र सदस्यहरुले मताधिकार प्राप्त गर्नेछन् ।

५.५ नयाँ सदस्य छनोट समितिको संयोजक तत्कालिन वर्षको शाखा अध्यक्षसहित एक जना पूर्व अध्यक्ष र अध्यक्षले मनोनित गरेका पदाधिकारी मध्येका १ जना सदस्य रहनेछ। पूर्व अध्यक्षलाई कार्य समितिको बोर्ड बैठकले छनोट गर्नेछ ।

५.६ संस्थाले ३ प्रकारको सदस्यता वितरण गर्नेछ। जसमा साधारण सदस्य, आजीवन सदस्य र मानार्थ सदस्य रहनेछन् । यसको दिइने सदस्यताको चयन कार्यकारी समितिले गर्नेछ र साधारणसभाबाट अनुमोदन गराउनुपर्नेछ ।

५.७ प्रत्येक बर्ष बढीमा २० जना योग्य व्यक्तिहरुलाई नयाँ सदस्यता प्रदान गर्न सकिनेछ।

५.८ संस्थाको अहित हुने काम गरेमा वा संस्थाको गरिमामा आँच आउने काम गरेको ठहर भएमा कार्य समितिको २ तिहाइ बहुमतले साधारण सदस्य समेत नरहने गरी निलम्बन गर्न सक्नेछ । यो कुरा संस्थाका पदाधिकारीहरुको हकमा समेत लागू हुनेछ ।

५.९ शाखाका ४० वर्ष पुरा नभएका पुर्व अध्यक्षहरुलाई मताधिकारसहितको सदस्यता हुनेछ।

## भाग ५

### दफा ६ - साधारणसभा

६.१ साधारण सभा भन्नाले संस्थाका सबै आधिकारिक सदस्यहरु समाविष्ट भएको सभालाई मानिनेछ ।

६.२ साधारण सभा बर्षमा एकपटक बस्नेछ। साधारणसभा कार्य समितिको अन्तिम वोर्ड बैठकले निर्णय गरि सचिवालयले तोकेको मिति, स्थान र समयमा हुनेछ। साधारणसभा संस्थाको सर्वोच्च निकाय हुनेछ। साधारण सभाको सूचना सदस्यहरुलाई साधारणसभा हुनुभन्दा कम्तिमा ७ दिन अगाडी नै एजेण्डाहरु सहित पठाउनुपर्नेछ ।

६.३ साधारण सभाको गणपुरक संख्या कुल सदस्यको दुई तिहाइ हुनेछ । साधारण सभाको गणपुरक संख्या नपुगी साधारण सभा हुन नसके सोही भेलामा नै सुचना गरी ४ दिन भित्र कुनै पनि दिनमा साधारणसभाको आह्वान गर्न सकिनेछ। यसरी बोलाइएको सभामा गणपुरक संख्या ५१ प्रतिशत मानिनेछ। त्यसमा पनि गणपुरक संख्या नपुग भएमा तेस्रो साधारणसभा ३ दिनभित्रमा आह्वान गरिनेछ। यसको गणपुरक संख्या २५ प्रतिशत हुनेछ ।

६.४ वार्षिक साधारणसभाले आगामी वर्षका लागि नयाँ कार्य समिति चयन गर्नेछ ।

६.५ संस्थाको वार्षिक साधारण सभा नेपाल जेसीजको राष्ट्रिय महाधिवेशनको मिति भन्दा अघिसम्ममा गरिसकिएको हुनु पर्नेछ। साधारणसभापछि बसेको वोर्डको बैठक कार्यसञ्चालनको सहजताका लागि मात्र हुनेछ।

६.६ साधारणसभाबाटै कुनै विशेष एजेण्डामा निर्णय गर्नुपर्ने भएको तर एउटा साधारणसभा भइसकेर अर्को साधारणसभा पर्खिन नसक्ने अवस्था सृजना भएमा कार्य समितिको निर्णयले ५ दिनको सूचना राखेर विशेष

साधारणसभा बोलाउन सक्नेछ । विशेष साधारणसभाको गणपुरक संख्या सदस्य संख्याको दुई तिहाइ हुनेछ । विशेष साधारणसभाले साधारण एजेण्डामा नभइ विशेष प्रकृतिका एजेण्डामा मात्र छलफल गर्नेछ ।

## भाग ६

### दफा ७ - कार्यकारीणी समिति

७.१ हरेक वर्ष कार्यकारिणी समितिको गठन निम्न प्रकारको हुनेछ ।

| क्र.सं. | पद | चयनको प्रकार | संख्या |
|---|---|---|---|
| १ | अध्यक्ष | निर्वाचित | १ |
| २ | निवर्तमान अध्यक्ष | पदेन | १ |
| ३ | कानुनी सल्लाहकार | मनोनित | १ |
| ४ | कार्यकारीणी उपाध्यक्ष | निर्वाचित | २ |
| ५ | महासचिव | मनोनित | १ |
| ६ | कोषाध्यक्ष | मनोनित | १ |
| ७ | उपाध्यक्ष | निर्वाचित | ४ |
| | **जम्मा** | | **११** |

७.२ कार्यकारीणी समितिको चुनाव जेसीजको विधान अनुसार हरेक एक वर्षमा साधारणसभा मार्फत हुनेछ ।

७.३ नव निर्वाचित अध्यक्षले आवश्यकता अनुसार विभिन्न पदमा मनोनित गर्न सक्नेछन् । तर तालिम संयोजक, कार्यक्रम संयोजक र जनसम्पर्क अधिकारी अनिवार्य मनोनित गर्नुपर्नेछ ।

७.४ कार्यकारीणी समितिको बैठक २ महिनामा एक पटक वस्नेछ । तर आश्यकता भएमा सो भन्दा बढी पटक वस्न कुनै बाधा हुने छैन ।

## भाग ७

### दफा ८ - कार्यकारीणी समितिको काम कर्तव्य र अधिकार

८.१ **अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) कार्यकारीणी समिति पूर्णताका लागि सदस्यहरु मध्येबाट कानुनी सल्लाहकार, महासचिव, कोषाध्यक्ष मनोनित गर्ने ।

(ख) साधारण सभाद्वारा पारित निर्णयहरुको कार्यन्वयन गर्ने, गराउने ।

(ग) कार्यकारीणी समितिको बैठक हुन नसक्ने अवस्था भएको तर संस्थाको हित हुने अत्यावश्यक कार्य गर्नु परेमा कार्य गरी पछिल्लो बैठकबाट अनुमोदन गराउने ।

(घ) संस्थाको पदाधिकारीहरुको कार्य बाँडफाँड गर्ने ।

(ङ) साधारणसभा तथा कार्यकारीणी समितिको बैठकको अध्यक्षता गर्ने ।

(च) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग समन्वय गर्ने ।

(छ) जेसीज आस्था र सिद्धान्त अनुरुप संस्थालाई निर्देशित गर्ने ।

(ज) पदाधिकारी बैठकमा कानुनी सल्लाहकारको अनुपस्थित भएमा उक्त बैठक सञ्चालनार्थ निवर्तमान अध्यक्षलाई तुरुन्तै कानुनी सल्लाहकारमा नियुक्ती गरी बैठक सञ्चालन गर्ने ।

(झ) संस्थाको उदेश्य प्राप्तिका लागि अन्य कार्य गर्ने ।

८.२ **निवर्तमान अध्यक्षको काम कर्तव्य र अधिकार :**

(क) आफ्नो अनुभवको आधारमा अध्यक्षको प्रत्येक कार्यमा सघाउ पुऱ्याउने ।

(ख) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

(ग) कुनै कारणबस (राजिनामा दिएमा, विदेश गएमा वा अध्यक्षको मृत्यु भएमा) अध्यक्षको पद रिक्त भएमा अर्को निर्वाचन नभएसम्मको लागि अध्यक्षको कार्यभार सम्हाल्ने । तर चेन लगाउने र अध्यक्षको मत हाल्ने अधिकार भने हुनेछैन ।

८.३ **कार्यकारीणी उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) अध्यक्ष र निवर्तमान अध्यक्षको अनुपस्थितीमा ज्येष्ठताको आधारमा बैठकको अध्यक्षता गर्ने ।

(ख) अध्यक्षले निर्धारण गरेको कार्य गर्ने ।

(ग) संस्थाको विधान अनुसार अध्यक्षलाई हरेक कार्यक्रममा सहयोग गर्ने ।

८.४ **कानुनी सल्लाहकारको काम, कर्तव्य र अधिकार :**

(क) कार्यकारीणी समिति र साधारण सभामा कानुनी राय प्रदान गर्ने ।

(ख) आवश्यकता अनुसार संस्थाको तर्फबाट कार्यकारीणी समिति वा साधारण सभाको स्वीकृती लिइ निवेदन लिने, विधान अनुसार जवाफदिने, उजुर दर्ता गर्न सम्बन्धित अड्डा अदालतमा उपस्थित हुने ।

(ग) कानुनी विषयमा दक्षता प्राप्त गर्ने ।

८.५ **महासचिवको काम कर्तव्य र अधिकार :**

(क) विधान अनुरुप साधारणसभा, विशेष साधारण सभा र कार्यकारीणी समितिको बैठक बोलाउने ।

(ख) बैठकको कार्य सुची तयार गर्ने, सुचना गर्ने र बैठकको निर्णयहरुको अभिलेख राख्ने ।

(ग) संस्थाको कार्यालय सञ्चालनका दैनिक कार्य र अन्य आवश्यक काम गर्ने ।

(घ) संस्थाको कागजपत्र सुरक्षित राख्ने ।

ङ) संस्थाको साधारणसभामा बार्षिक प्रगति प्रतिवेशन पेश गर्ने ।

८.६ **कोषाध्यक्षको काम कर्तव्य र अधिकार :**

क) संस्थाको बार्षिक बजेट तयार गर्ने,

ख) साधारण सभामा आय व्यय प्रस्तुत गर्ने,

ग) संस्थाका हरेक आर्थिक कारोबारलाई चुस्त, दुरुस्त र पारदर्शी बनाउने

घ) सदस्यता शुल्क संकलन गरी अभिलेखन गर्ने

ङ) खर्च प्रणालीलाई मितव्ययी वनाउन हदैसम्मको लचकता अपनाउने ।

८.७ **उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) संस्थाका अध्यक्षले तोकेको क्षेत्रमा रहि कार्य गर्ने ।

(ख) संस्थाको विधान अनुसार हरेक कार्यक्रममा सहभागि हुने ।

(ग) अध्यक्षलाई संस्थाको हित हुने गरी हरेक क्रियाकलापमा सहयोग गर्ने ।

**भाग ८**

**दफा -९ निर्वाचन**

१०.४ **कानुनी सल्लाहकार पदको लागि योग्यता :**

क) ३ वर्षसम्म लगातार संस्थाको सदस्य रहेको हुनुपर्नेछ ।

ख) कार्यसमितिको कुनै पनि पदमा बसि काम गरेको हुनुपर्नेछ ।

ग) नेपाल जेसीज वा शाखाको विधानका विषयमा सामान्य ज्ञान भएको हुनुपर्नेछ ।

(घ) उपाध्यक्ष, कार्यकारीणी उपाध्यक्ष अनिवार्य भएको हुनु पर्नेछ ।

१०.५ **महासचिव पदको लागि योग्यता** :

क) ३ वर्षसम्म लगातार संस्थाको सदस्य रहेको हुनुपर्नेछ ।

ख) कार्यसमितिमा बसि काम गरेको हुनुपर्नेछ ।

ग) १ वटा एरिया कन्फ्रेन्स र १ वटा राष्ट्रिय महाधिवेशनमा भाग लिएको हुनुपर्नेछ ।

घ) कम्प्युटर तथा इन्टरनेट सम्बन्धी सामान्य ज्ञान भएको हुनुपर्नेछ ।

१०.६ **कोषाध्यक्ष पदको लागि योग्यता :**

क) २ वर्षसम्म लगातार संस्थाको सदस्य रहेको हुनुपर्नेछ ।

ख) कार्यसमितिमा बसि काम गरेको हुनुपर्नेछ ।

ग) आर्थिक पक्षमा पारदर्शी भएको हुनुपर्नेछ ।

## भाग १०

**दफा ११ - विविध**

**११.१ जग्गा -** संस्थाका लागि दाताबाट प्राप्त जग्गा संस्थाको नाममा पास गर्न, आवश्यक जग्गा खरिद गर्न, दान लिन पाइनेछ । साथै खरिद गरेर संस्थाका नाममा रहेको जग्गा विक्रि गर्न समेत पाइनेछ ।

**११.२ भवन -** संस्थाले प्राप्त गरेको वा खरिद गरेको जग्गामा संस्थाले आवश्यकता अनुसार भवन निर्माण गर्न सक्नेछ ।

**११.३ पुरस्कार -**जेसीज अभियानमा कर्मठ रुपले संलग्न सदस्यलाई प्रोत्साहित गर्न विभिन्न विधामा पुरस्कार दिन सकिनेछ । कार्यकारीणी समितिले पुरस्कारको व्यवस्था गर्नु पर्नेछ । साथै अध्यक्षले आफ्नो कार्यकालमा सहयोग गर्ने सदस्यहरुलाई आवश्यकता अनुसार पुरस्कार दिन सक्नेछ ।

**११.४ अक्षयकोष -**अक्षयकोष निर्माणका लागि कम्तिमा ५० हजार रकम हुनुपर्नेछ । कुनै पनि व्यक्ति वा सदस्यले आफ्नो वा आफ्नो परिवारको नाममा अक्षयकोष राख्न पाउनेछ । अक्षयकोषको निर्णय बार्षिक साधारणसभाले अनुमोदन गर्नेछ । अक्षयकोष सञ्चालन कार्यसमिति र दाताहरुले तोके बमोजिम हुनेछ ।